



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०५ पुस–माघ २०८१ Year 32 Vol 05 Dec–Feb. 2024/025


# राष्ट्रिय वाणिज्य बैंक को १९ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको २०८१ पुस २९ गते काठमाडौंमा १९ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरु पारित गरेको छ।

बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुङ्गानाको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारणसभामा अध्यक्ष ढुङ्गानाले बैंकले आफ्ना सेवा सुविधाहरुमा समय सापेक्ष परिमार्जन गर्दै प्रविधिमा अधारित विभिन्न सेवाहरुको माध्यमबाट ग्राहकहरु समक्ष आफ्ना गुणस्तरीय सेवाहरु प्रवाह गर्नुपर्ने आवश्यकतालाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रमा विद्यमान प्रतिस्पर्धाको सामना गर्न बैंकले आफ्नो प्रतिस्पर्धी क्षमता अभिबृद्धि गर्दै समय सान्दर्भिक कार्य पद्धतिको विकास गर्ने उद्धेश्यले बैंकका आन्तरिक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरुमा समय सापेक्ष परिमार्जन गर्दै आएको छ। बैंकले संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राखेको बताउनु भयो।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनिहरुको उपस्थिति रहेको थियो । अध्यक्ष ढुङ्गानाले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरुले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाब सहितको धारण राख्नुभएको थियो। उक्त टिप्पणी एवं जिज्ञासा बारे बैंक सञ्चालक समितिका अध्यक्ष ढुङ्गानाले जवाफ दिनुभएको थियो।

उक्त साधारण सभामा बैंक सञ्चालक समितिका सदस्यहरु महेश भट्टराई, सुशिल घिमिरे, प्रा.डा.रामप्रसाद ज्ञवाली, स्वतन्त्र सञ्चालक लक्ष्मण घिमिरे तथा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, रामकुमार थापाको उपस्थिति रहेको थियो । साधारण सभामा बाह्य लेखापरीक्षकहरु, बैंकका कानूनी सल्लाहकारहरु लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । साधारणसभालाई कम्पनी सचिव प्रमोद अधिकारीले सहजिकरण गर्नु भएको थियो। ■




# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औं वार्षिकोत्सव मनाइदैं

**काठमाडौं, २ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालको संयोजकत्वमा ४० सदस्यीय मुलसमारोह समिति गठन गरिएको छ। वार्षिकोत्सवलाई सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन गरिएको छ । नायब प्रमुख कार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उपसमिति गठन गरिएको छ । त्यस्तै उपकार्यकारी अधिकृत विमल डंगोलको संयोजकत्वमा खेलकुद उपसमिति गठन गरिएको छ। उपकार्यकारी अधिकृत पवन रेग्मीको संयोजकत्वमा प्रभातफेरी र क्लिन आरविवि कार्यक्रम उपसमिति गठन गरिएको छ । यसैगरी उपकार्यकारी अधिकृत विनयरमण पौडेलको संयोजकत्वमा रक्तदान उपसमिति तथा उपकार्यकारी अधिकृत दुर्गाकुमारी कँडेलको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ । उपकार्यकारी अधिकृत रामकुमार थापाको संयोजकत्वमा व्यवसाय प्रवर्द्धन उपसमिति गठन गरिएको छ ।■

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

## बैंकको ६०औं बार्षिकोत्सव समारोह सम्पन्न गर्नका लागि बैंकका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा देहायको मुल समारोह समिति गठन गरिएको ।

| क्र.स. | समितिको पद | नाम थर | पद | कार्यालय / विभाग |
|---|---|---|---|---|
| १ | संयोजक | श्री देवेन्द्ररमण खनाल | प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| २ | सदस्य | श्री सरस्वती अधिकारी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ३ | सदस्य | श्री देवेश प्रसाद लोहनी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ४ | सदस्य | श्री विमल डंगोल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ५ | सदस्य | श्री पवन रेग्मी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ६ | सदस्य | श्री विनयरमण पौडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ७ | सदस्य | श्री दुर्गा कुमारी कंडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ८ | सदस्य | श्री रामकुमार थापा | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ९ | सदस्य | श्री गगन सिंह घिमिरे | विभागीय प्रमुख | डिजीटल बैंकिङ विभाग |
| १० | सदस्य | श्री निम्वल श्रेष्ठ | विभागीय प्रमुख | आ.ले.प. विभाग |
| ११ | सदस्य | श्री गायत्री श्रेष्ठ | विभागीय प्रमुख | कानुन विभाग |
| १२ | सदस्य | श्री राज्य लक्ष्मी खड्गी | विभागीय प्रमुख | ट्रेड फाइनान्स विभाग |
| १३ | सदस्य | श्री सोनी श्रेष्ठ | विभागीय प्रमुख | सं तथा साना म.कर्जा बिभाग |
| १४ | सदस्य | श्री भिम प्रसाद घिमिरे | विभागीय प्रमुख | मानव संशाधन विभाग |
| १५ | सदस्य | श्री पद्मा लक्ष्मी जि.सी. | विभागीय प्रमुख | सिकाई तथा बिकास विभाग |
| १६ | सदस्य | श्री सन्दीपजङ्ग कार्की | विभागीय प्रमुख | जोखिम व्यवस्थापन विभाग |
| १७ | सदस्य | श्री सरोज बस्नेत | विभागीय प्रमुख | कर्जा अ.तथा असुली बिभाग |
| १८ | सदस्य | श्री भोला नाथ पौडेल | विभागीय प्रमुख | एपभोक्त कर्जा विभाग |
| १९ | सदस्य | श्री दीपकराज न्यौपाने | विभागीय प्रमुख | सामान्य सेवा विभाग |
| २० | सदस्य | श्री व्रज मोहन अधिकारी | विभागीय प्रमुख | कर्जा प्रशासन विभाग |
| २१ | सदस्य | श्री विश्वप्रकाश ज्ञावली | विभागीय प्रमुख | व्य.सु.प्रणाली तथा बजेट बिभाग |
| २२ | सदस्य | श्री ऋषिराम ढकाल | विभागीय प्रमुख | भुक्तानी तथा फरर्स्यौट विभाग |
| २३ | सदस्य | श्री कृष्ण साह | विभागीय प्रमुख | ट्रेजरी विभाग |
| २४ | सदस्य | श्री संजय कुमार श्रेष्ठ | विभागीय प्रमुख | वित्त विभाग |
| २५ | सदस्य | श्री राजेशकुमार अग्रवाल | विभागीय प्रमुख | आईटी विभाग |
| २६ | सदस्य | श्री प्रमोद अधिकारी | कम्पनी सचिव | संचालक समितिको कार्यालय |
| २७ | सदस्य | श्री दामोदर ज्ञावली | विभागीय प्रमुख | पुर्वाधार बैंकिङ विभाग |
| २८ | सदस्य | श्री भवानी शंकर निरौला | विभागीय प्रमुख | कम्प्लायन्स विभाग |
| २९ | सदस्य | श्री बेनी श्रेष्ठ | मुख्य प्रबन्धक | आरबिबि सेक्युरिटीज कम्पनी लि. |
| ३० | सदस्य | श्री शिव प्रसाद चालिसे | विभागीय प्रमुख | सम्पत्ति व्यवस्थापन बिभाग |
| ३१ | सदस्य | श्री अच्युत गौतम | विभागीय प्रमुख | कृषि तथा सामाजिक बैंकिङ विभाग |
| ३२ | सदस्य | श्री दिनेश गौतम | विभागीय प्रमुख | मार्केटिङ विभाग |
| ३३ | सदस्य | श्री ध्रुव प्रसाद अर्याल | प्रादेशिक प्रबन्धक | बाग्मती प्रादेशिक कार्यालय |
| ३४ | सदस्य | श्री ऋषभ भट्टराई | मुख्य प्रबन्धक | मुख्य शाखा कार्यालय |
| ३५ | सदस्य | श्री अविता श्रेष्ठ | बरिष्ठ प्रबन्धक | कर्पोरेट शाखा |
| ३६ | सदस्य | श्री हरिबाबु आचार्य | कोष प्रशासक | अवकास कोष |
| ३७ | सदस्य | श्री लक्ष्मीप्रसाद पाण्डेय | अध्यक्ष | रा.बा.बैंक कर्मचारी संघ, नेपाल केन्द्रीय समिति |
| ३८ | सदस्य | श्री ईश्वर बहादुर सिंह | अध्यक्ष | नेपाल वित्तीय संस्था कर्मचारी संघ,रा.बा.बैंक लि. केन्द्रीय समिति |
| ३९ | सदस्य | श्री दिपेन्द्र कार्की | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.बा.बैंक लि.केन्द्रीय समिति |
| ४० | सदस्य-सचिव | श्री आनन्द सुवेदी | विभागीय प्रमुख | ब्रान्च अपरेशन बिभाग |

क) अतिथि सत्कार उप समिति:

| क्र.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी |
| २ | सदस्य | विभागीय प्रमुख श्री भीम प्रसाद घिमिरे |
| ३ | सदस्य | विभागीय प्रमुख श्री आनन्द सुवेदी |
| ४ | सदस्य | विभागीय प्रमुख श्री पदमालक्ष्मी जि.सी. |
| ५ | सदस्य | विभागीय प्रमुख श्री प्रमोद अधिकारी |
| ६ | सदस्य | अध्यक्ष श्री लक्ष्मीप्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ नेपाल |
| ७ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह, ने.वि.स.क.संघ,रा.बा.बैक लि. |
| ८ | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं, रा.बा.बैक लि. |
| ९ | सदस्य | प्रबन्धक श्री होताराम अधिकारी |

ख) प्रकाशन तथा प्रचार प्रसार उप समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी |
| २ | सदस्य | विभागीय प्रमुख श्री भोलानाथ पौडेल |
| ३ | सदस्य | विभागीय प्रमुख श्री कृष्ण साह |
| ४ | सदस्य | विभागीय प्रमुख श्री भवानी शंकर निरौला |
| ५ | सदस्य | विभागीय प्रमुख श्री दामोदर ज्ञावली |
| ६ | सदस्य | अध्यक्ष श्री लक्ष्मीप्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ नेपाल |
| ७ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह, ने.वि.स.क.संघ,रा.बा.बैक लि. |
| ८ | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं, रा.बा.बैक लि. |
| ९ | सदस्य | सहायक प्रबन्धक श्री ईश्वर उप्रेती |

ग) खेलकुद समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री बिमल डंगोल |
| २ | सदस्य | विभागीय प्रमुख श्री सोनी श्रेष्ठ |
| ३ | सदस्य | मुख्य प्रबन्धक श्री बेनी श्रेष्ठ |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सरोज बस्नेत |
| ५ | सदस्य | विभागीय प्रमुख श्री अच्युत गौतम |
| ६ | सदस्य | श्री लुजः श्रेष्ठ/RBBEA |
| ७ | सदस्य | श्री पेशल नेपाल /RBBEA |
| ८ | सदस्य | श्री लसता श्रेष्ठ/FIEUN |
| ९ | सदस्य | श्री साजन सुवाल/FIEUN |
| १० | सदस्य | श्री बिश्व दाहाल/NEON |
| ११ | सदस्य | श्री साम्राज्य शाक्य/NEON |

घ) प्रभात फेरी कार्यक्रम र CLEAN RBBL उप समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री पवन रेग्मी |
| २ | सदस्य | विभागीय प्रमुख श्री बिश्वप्रकाश ज्ञावली |
| ३ | सदस्य | विभागीय प्रमुख श्री शिवप्रसाद चालिसे |
| ४ | सदस्य | विभागीय प्रमुख श्री सन्दिप जंग कार्की |
| ५ | सदस्य | वरिष्ठ प्रबन्धक श्री अबिता श्रेष्ठ |
| ६ | सदस्य | अध्यक्ष श्री लक्ष्मीप्रसाद पाण्डेय, रा.बा.बैक कर्मचारी संघ |
| ७ | सदस्य | अध्यक्ष श्री ईश्वर बहादुर सिंह, ने.वि.स.क.संघ रा.बा.बैक लि |
| ८ | सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.सं,रा.बा.बैक लि. |
| ९ | सदस्य | उपप्रमुख हरिशचन्द्र भट्ट |

ङ) रक्तदान उप समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री बिनय रमण पौडेल |
| २ | सदस्य | विभागीय प्रमुख श्री निम्बल श्रेष्ठ |
| ३ | सदस्य | विभागीय प्रमुख श्री सञ्जय कुमार श्रेष्ठ |
| ४ | सदस्य | विभागीय प्रमुख श्री राज्यलक्ष्मी खड्गी |
| ५ | सदस्य | विभागीय प्रमुख श्री ब्रज मोहन अधिकारी |
| ६ | सदस्य | प्रादेशिक प्रबन्धक श्री ध्रुव प्रसाद अर्याल |
| ७ | सदस्य | प्रबन्धक श्री शंकर प्रसाद रेग्मी |

च) मञ्च व्यवस्थापन उप समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री दुर्गा कुमारी कंडेल |
| २ | सदस्य | विभागीय प्रमुख श्री दीपकराज न्यौपाने |
| ३ | सदस्य | विभागीय प्रमुख श्री गायत्री श्रेष्ठ |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री ऋषभ भटराई |
| ५ | सदस्य | कोष प्रशासक श्री हरिबाबु आचार्य |
| ६ | सदस्य | प्रबन्धक श्री भवेश प्रधानाङ |

छ) व्यवसाय प्रवर्द्धन उप समितिः

| क.स. | पद | नाम थर |
|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री राम कुमार थापा |
| २ | सदस्य | विभागीय प्रमुख श्री रिको स्थापित |
| ३ | सदस्य | विभागीय प्रमुख श्री राजेश अग्रवाल |
| ४ | सदस्य | विभागीय प्रमुख श्री ऋषिराम ढकाल |
| ५ | सदस्य | विभागीय प्रमुख श्री दिनेश गौतम |
| ६ | सदस्य | प्रबन्धक श्री बेद प्रसाद खनाल |

# आरविवि सेक्युरिटीजको दोस्रो वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं, २६ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा सञ्चालित सहायक कम्पनी आरविवि सेक्युरिटीज कम्पनी लिमिटेडको दोस्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीको अध्यक्षतामा सम्पन्न भएको छ। साधारण सभाले आ.व. २०८०/०८१ को कम्पनीको वार्षिक प्रतिवेदनहरु प्रस्ताव पारित गरेको छ।

साधारण सभामा प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको ब्रोकर सेवालाई ग्रामिण क्षेत्रमा समेत विस्तार गर्ने दीर्घकालिन सोच अनुरुप रणनीति तयार गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र ग्रामिण क्षेत्रमा रहेका जनताहरुले पनि ब्रोकर सेवा लिन सकिने वातावरण बनाउनुपर्ने बताउनुभयो। आरविवि सेक्युरिटीज कम्पनीका प्रमुख कार्यकारी अधिकृत वेनी श्रेष्ठले हाल २० करोड चुक्तापुँजी रहेको कम्पनीले धितोपत्र व्यवसायको व्यवसायिक कारोबार( ब्रोकर) मिति २०८१ असार २६ गतेबाट सुरु गरेको बताउनुभयो। नेपाल स्टक एक्सचेन्जबाट सदस्यता नम्बर ९७ प्राप्त गरेको आरविवि सेक्युरिटीज कम्पनीले ब्रोकर, मार्जिन, थोक कारोबार तथा अन्य पुँजीबजार सम्बन्धी सेवाहरु प्रदान गरिरहेको छ।

साधारण सभामा आरविवि सेक्युरिटीज कम्पनी लिमिटेडका सञ्चालकहरु गायत्री श्रेष्ठ, राज्य लक्ष्मी खड्गी, शेयरधनीका प्रतिनिधि एवं बैंकका विभागीय प्रमुख आनन्द सुवेदी, बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, रामकुमार थापा, कम्पनी रजिष्ट्रार कार्यालयका उपरजिष्ट्रार देविप्रसाद सुवेदी, बाहृय लेखापरीक्षक सिए आनन्दराज शर्मा वाग्ले लगायत आरविवि सेक्युरिटीजका कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको १९ औं वार्षिकोत्सव सम्पन्न

**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १९ औं वार्षिकोत्सव कार्यक्रम गोकर्णमा सम्पन्न भएको छ। संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथिमा नेपाल राष्ट्रिय कर्मचारी संगठन बैंक तथा वित्तीय संस्था राष्ट्रिय समितिका अध्यक्ष कृष्णहरि बुढाथोकीको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि बुढाथोकीले सांगठनिक सुदृढीकरण र संगठनमा अनुशासनको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो।

कार्यक्रममा संगठनको वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तब्य व्यक्त गरिएको थियो। उक्त कार्यक्रम कार्यालय सचिव चुडामणि गुप्ताले सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तब्य बरिष्ठ उपाध्यक्ष विश्व दाहालले दिनु भएको थियो। कार्यक्रममा राष्ट्रिय समितिका उपाध्यक्ष जितेन्द्र राई, बैंकका विभागीय प्रमुख ब्रजमोहन अधिकारी, संगठनका निवर्तमान महासचिव उभार पाण्डे लगायत संगठनमा आबद्ध पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो। ■



# कर्जा सम्बन्धी तालिम प्रदान



**काठमाडौं, ७ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा कर्जा सम्बन्धी तालिम कोहलपुरमा आयोजना गरिएको छ। पुस ५, ६ र ७ गते कोहलपुमा आयोजना गरिएको तालिममा लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक शाखा कार्यालय अन्तर्गतका शाखा कार्यालयमा कार्यरत २९४ जना कर्जा इन्चार्जहरुको सहभागिता रहेको थियो। विभागीय प्रमुखहरु भोलानाथ पौडेल, सरोज बस्नेत, अच्युत गौतम, प्रादेशिक प्रबन्धकहरु राजेन्द्र आचार्य र दृश्यन्तराज निरौला, कर्जा विभागका नविन भण्डारी, रविन्द्र केसी, उषा भट्ट, कलबहादुर बुढाले वित्तीय विवरण विश्लेषण, कर्जा फाइल प्रोसेसिङ्ग, कर्जा अनुगमन तथा असुली, उपभोक्त कर्जा र आलेपका कैफियत सम्बन्धमा विषयगत तालिम दिनुभएको थियो। ■

# एडभान्स् एक्सेल सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, ८ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एडभान्स् माइक्रोसफ्ट एक्सेल सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ। पुस १ देखि ८ गतेसम्म बैंकका विभिन्न विभागमा कार्यरत २२ जना कर्मचारीहरु सहभागी भएको तालिममा Excel essentials, Formatting and ease of use, Data analysis, Advanced worksheet functions, Advanced Calculations, Advanced data analysis and representations, Templates and printing, Lookup, Use of pivot table सम्बन्धी विषयमा गेहेन्द्रराज स्थापितले विषयगत प्रशिक्षण दिनुभएको थियो। ■

## ब्रान्च प्रोफाइल

(आ.व. २०७९।०८० मा ग वर्गका शाखा कार्यालयहरु मध्येबाट द्वितीय)

### शाखा कार्यालय बेलबारी (२४३)



निक्षेप = रु. १,७४,३०,७५,३५१।०५
कर्जा = रु.१,४३,७१,३५,९९३।०१
नाफा/नोक्सान = रु. ३,३२,७५,६२१।०३
एनपिए : रु. ० प्रतिशत
कर्मचारी संख्या = ९ जना
शाखा प्रवन्धकः शिव पौडेल

**सफलताको रहस्य :**

सदैव ग्राहक तथा सेवाग्राही प्रति जिम्मेबारी पूर्वक गुणस्तरीय सेवा प्रवाहमा दत्तचित्त हुँदै कर्मचारीहरु बीच सुमधुर सम्बन्ध तथा समन्वयमा सामुहिक कार्यसम्पादन। ■

# राष्ट्रिय वाणिज्य बैंक बन्यो नेपालका बैंकहरू मध्ये सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंक




**काठमाडौं, ८ पुस**

२०२२ साल माघ १० गते ढड्डा प्रणालीबाट सुरु गरेको राष्ट्रिय वाणिज्य बैंकको बैंकिङ्ग कारोबारमा हाल प्रविधिमा आधारित डिजिटल कारोबारमा उल्लेख्य प्रगति भएको छ। नेपालका वाणिज्य बैंकहरु मध्ये सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सबैभन्दा बढी डिजिल सरकारी कारोबार (विद्युतीय कारोबार) गर्न सफल भएको छ। यसैसन्दर्भमा नेपालको भुक्तानी प्रणाली सञ्चालक नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले आफ्नो १६औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई नेपालका बैंकहरु मध्ये सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंकको रुपमा सम्मानीत गरेको छ। एक विशेष कार्यक्रमका बीच नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनीलाई अवार्ड प्रदान गर्नुभएको छ। यसअघि राष्ट्रिय वाणिज्य बैंक नेपालका वाणिज्य बैंकहरु मध्ये सबैभन्दा बढी डिजिटल कारोबार (विद्युतीय कारोबार) गर्ने बैंकको रुपमा सम्मानित भैसकेको छ। ■

# समवेदना

यस बैंकका शा.का. वेलटारमा कार्यरत बरिष्ठ सहायक युवा कुमारी सापकोटा (११७२१) का सासु रुकमाया कटुवाल, शा.का.ठिमीमा कार्यरत उपप्रबन्धक प्रविज्ञा शिवाकोटी (१२२३९) का सासु इन्दु आचार्य, शाखा कार्यलय स्याङजाबजारमा कार्यरत शाखा प्रबन्धक अरविन्दकुमार ठाकुर (११५१३) की माता सुमित्रा ठाकुर, शा.का.वुढानिलकण्डमा कार्यरत सहायक प्रबन्धक रिकादेबी गौतम (१४६२) का सासु गोमा गौतमको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**पवन रेग्मी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**